# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं चैत २३ गते, २०७१ साल (संख्या ४६

## भाग ३

नेपाल सरकार

वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

## पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष (सञ्चालन) नियमावली, २०७१

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

### परिच्छेद- १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम “पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष (सञ्चालन) नियमावली, २०७१” रहेकोछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिम स्थापना भएको मूल्य स्थिरीकरण कोष (प्राइस स्टेबलाइजेशन फण्ड) सम्झनु पर्छ ।

(ग) "ग्याँस" भन्नाले तरल पेट्रोलियम ग्याँस (एल.पी.जी.),तरलीकृत प्राकृतिक ग्याँस (एल.एन.जी) तथा खाँदिएको प्राकृतिक ग्याँस (सी.एन.जी) सम्झनु पर्छ र सो शब्दले मिथेन, इथेन, प्रोपेन र ब्यूटेन ग्याँस समेतलाई जनाउँछ ।

(घ) "निगम" भन्नाले नेपाल आयल निगम लिमिटेडलाई सम्झनु पर्छ ।

(ङ) "पेट्रोलियम पदार्थ" भन्नाले पेट्रोल, डिजेल, मट्टितेल वा हवाई इन्धन सम्झनु पर्छ र सो शब्दले प्रशोधन नगरिएको कच्चा तेललाई समेत जनाउँछ ।

(च) "पैठारीकर्ता" भन्नाले नेपालमा पेट्रोलियम पदार्थ तथा ग्याँस पैठारी गर्ने नेपाल आयल निगम लिमिटेडलाई सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई सम्झनु पर्छ ।

(ज) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र सदस्य सचिवलाई समेत जनाउँछ ।

(झ) "सदस्य–सचिव" भन्नाले समितिको सदस्य–सचिव सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले नियम ५ बमोजिमको कोषको सञ्चालक समिति सम्झनु पर्छ ।



५५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## परिच्छेद-२

## कोषको स्थापना र उपयोग

३. कोषको स्थापना : (१) पेट्रोलियम पदार्थ तथा ग्याँसको मूल्यमा स्थिरता कायम गर्न एक मूल्य स्थिरीकरण कोषको स्थापना गरिएको छ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट ऋण, अनुदान वा सहयोग वापत प्राप्त रकम,

(ग) सबै प्रकारको पेट्रोलियम पदार्थ (ग्याँस समेत) को खुद्रा मूल्यको ०.५(सुन्य दशमलव पाँच) प्रतिशत रकम,

(घ) कोषको रकम लगानी गरी प्राप्त भएको रकम,

(ङ) यो नियमावली लागु हुनु भन्दा अघि नेपाल सरकारले उपलब्ध गराएको र पेट्रोलियम पदार्थको बिक्रीबाट मूल्य स्थिरीकरण कोषमा जम्मा गर्न संकलन भएको रकम, र

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषमा जम्मा हुने रकम बैक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम वित्तीय कारोबार गर्न स्थापना भएको"क"वर्गको इजाजत प्राप्त कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) कोषको खाताको सञ्चालन सदस्य–सचिव र समितिले तोकेको मन्त्रालय वा निगमको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४. कोषको उपयोग : कोषमा जम्मा भएको रकम देहा बमोजिमको कार्यमा खर्च गरिनेछ :-



२५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(क) निर्धारित थोक मूल्य भन्दा बढी मूल्यमा पेट्रोलियम पदार्थ र ग्याँस पैठारी गर्नु परेको अवस्थामा निगमलाई अनुदान दिन,

(ख) नेपाल सरकारले तोकेको वर्गका उपभोक्तालाई पेट्रोलियम पदार्थ तथा ग्याँसमा राहत प्रदान गर्न,

(ग) पेट्रोलियम पदार्थ तथा ग्याँसको मूल्य बृद्धिको कारणबाट उपभोक्ता वर्गमा पर्न जाने चापलाई कम गरी मूल्य स्थिरता कायम गर्न, र

(घ) नेपाल सरकारले दिएको निर्देशन बमोजिमको कार्य गर्न ।

## परिच्छेद-३

## सञ्चालक समितिको गठन, काम, कर्तव्य र अधिकार

५. सञ्चालक समितिको गठन : (१) कोषको तर्फबाट गर्ने सम्पूर्ण काम कारवाहीको सञ्चालन, रेखदेख तथा नियन्त्रण गर्न एक कोष सञ्चालक समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) मन्त्री, वाणिज्य तथा आपूर्ति मन्त्रालय - अध्यक्ष

(ख) सचिव, (आर्थिक तथा पूर्वाधार हेर्ने) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय – सदस्य

(ङ) सचिव, राष्ट्रिय योजना आयोग – सदस्य

(च) डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक - सदस्य

(छ) कार्यकारी निर्देशक, नेपाल आयल निगम लिमिटेड -सदस्य-सचिव

६. समितिको काम, कर्तव्य र अधिकार : यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-



४५१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी बिशेषज्ञ वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रिण सदस्यको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

तर त्यस्तो आमन्त्रित सदस्यलाई बैठकमा मतदिने अधिकार हुने छैन ।

(८) समितिको निर्णय सदस्य–सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४
## अनुदान तथा राहत सम्बन्धी व्यवस्था

८. अनुदान माग गर्न सक्ने : (१) निगमले निर्धारित थोक मूल्य भन्दा बढी मूल्यमा नेपालभित्र पेट्रोलियम पदार्थ तथा ग्याँस पैठारी गर्दा अनुदान आवश्यक पर्ने भएमा समिति समक्ष अनुदान माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुदान माग गर्दा निगमले पेट्रोलियम पदार्थ तथा ग्याँस पैठारी सम्बन्धी प्रमाणित विवरण र समितिले तोकि दिएका अन्य विवरण तथा कागजात समेत पेश गर्नु पर्नेछ ।

९. अनुदान दिने :(१) नियम ८ बमोजिम अनुदान माग भई आएमा समितिले निगमबाट प्राप्त कागजात र विवरणहरुको जाँचबुझ गर्नेछ र त्यस्तो जाँचबुझ गर्दा निगमबाट थप कागजात वा विवरण माग गर्नु पर्ने देखेमा त्यस्तो थप कागजात वा विवरण समेत माग गर्न सक्नेछ ।



८६१ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(२) समितिले उपनियम (१) बमोजिम जाँचबुझ गर्दा निगमले निर्धारित थोक मूल्यभन्दा बढी मूल्यमा नेपालभित्र पेट्रोलियम पदार्थ तथा ग्याँस पैठारी गरेको देखिएमा सो निर्धारित मूल्य भन्दा बढी हुन आएको रकम अनुदान स्वरुप निगमलाई उपलब्ध गराउन सक्नेछ ।

(३) समितिले उपनियम (२) बमोजिम अनुदान रकम उपलब्ध गराउन नसक्ने भएमा सोको लिखित जानकारी निगमलाई दिनु पर्नेछ ।

१०. राहत दिने : नेपाल सरकारले तोकेको वर्ग तथा उपभोक्तालाई दिने राहत समितिको निर्णय बमोजिम निगम मार्फत उपलब्ध हुनेछ ।

## परिच्छेद -५

## अभिलेख, लेखा र लेखापरीक्षण सम्बन्धी व्यवस्था

११. अभिलेख राख्ने : समितिले आफूले गरेको काम कारबाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

१२. लेखा र लेखापरीक्षण :(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुनेछ ।

(३) कोषको आय व्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) नेपाल सरकारले चाहेमा कोषको आय व्ययको लेखा तथा सोसँग सम्बन्धित कागजात जुनसुकै बखत जाँच्न वा जाँच गराउन सक्नेछ ।

## परिच्छेद - ६

## विविध

१३. विवरण पठाउनु पर्ने :पैठारीकर्ताले नेपालभित्र पैठारी गरेको पेट्रोलियम पदार्थ तथा ग्याँसको परिमाण, मूल्य र समितिले समय समयमा तोके बमोजिमका अन्य विवरण संलग्न गरी प्रत्येक महिनाको मसान्तभित्र समिति समक्ष पठाउनु पर्नेछ ।

१४. अनुगमन गर्ने : कोष सञ्चालन सम्बन्धी कार्यको अनुगमन तथा रेखदेख समितिले गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१५. बैठक भत्ता: (१) समिति तथा नियम २२ बमोजिम गठित उपसमितिका सदस्यले बैठकमा भाग लिए वापत समितिले तोके बमोजिको रकम कोषबाट बैठक भत्ता वापत पाउने छन् ।

(२) उपनियम (१) बमोजिम समितिले बैठक भत्ताको रकम तोक्नु अघि अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

१६. कोषमा रहेको रकम लगानी : समितिले नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृति लिई कोषमा मौज्दात रहेको रकम बैंक तथा वित्तीय संस्था वा नेपाल सरकारले तोकेको अन्य क्षेत्रमा लगानी गर्न सक्नेछ ।

१७. आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहने : कोष आवर्ति (रिभल्भीङ)कोषको रुपमा रहनेछ ।

१८. कोषको सचिवालय : कोषको सचिवालय मन्त्रालयमा रहनेछ ।

१९. कर्मचारी सम्बन्धी व्यवस्था : (१) कोषलाई आवश्यक पर्ने कर्मचारी मन्त्रालयले निजामती सेवाका कर्मचारीहरु मध्येबाट काजमा उपलब्ध गराउनेछ ।

(२) उपनियम (१) माजुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रालयले निगमसँग समन्वय गरी निगममा कार्यरत कर्मचारीलाई कोषको सचिवालयमा खटाउन सक्नेछ ।

२०. निर्देशन दिन सक्ने : (१) पेट्रोलियम पदार्थ तथा ग्याँसको मूल्य स्थिरीकरणका सम्बन्धमा नेपाल सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिएको निर्देशन पालना गर्नु समितिको कर्तब्य हुनेछ ।

२१. अधिकार प्रत्यायोजन गर्न सक्ने : समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार सदस्य वा यस नियमावली बमोजिम गठन भएको उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. उपसमिति गठन गर्न सक्ने : (१) यस नियमावली बमोजिम समितिले आफूले गर्नु पर्ने काम सुचारु रुपले गर्नको निमित्त आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।



५९७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(२) उपनियम (१) बमोजिम गठन गरिएको उपसमितिको काम, कर्तव्य, अधिकार, कार्याविधि तथा अन्य व्यवस्था त्यस्तो उपसमिति गठन गर्दाका बखत समितिले तोके बमोजिम हुनेछ ।

२३. प्रतिवेदन पेश गर्ने : (१) समितिले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफूले वर्षभरीमा गरेका काम कारवाहीको प्रतिवेदन तयार गरी मन्त्रालयको समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त समितिले बर्ष भरीमा सञ्चालन गरेको कार्यक्रम विभिन्न स्रोतबाट प्राप्त रकम, पेट्रोलियम पदार्थ तथा ग्यासको मूल्य स्थिरीकरणमा भएको खर्च, कोषमा रहेको मौज्जात रकम समेतका विवरणहरु समावेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम समितिले पेश गरेको प्रतिवेदन मन्त्रालयले सार्वजनिक गर्न सक्नेछ ।

२४. कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्ने :(१) समितिले यस नियमावलीको कार्यान्वयन गर्दा आवश्यक पर्ने कार्यविधि तथा निर्देशिका बनाई मन्त्रालयलको स्वीकृतिलिई लागू गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यविधि तथा निर्देशिका बनाउँदा अनुदान तथा राहतको विषयलाई पनि समावेश गर्नु पर्नेछ ।

२५. कोषको खारेजी : (१) कुनै कारणबश कोष सञ्चालन गर्न आवश्यक नभएमा नेपाल सरकारले समितिको सिफारिसमा कोष खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कोष खारेज भएमा कोषको सम्पत्ति तथा दायित्व नेपाल सरकारमा स्वतःहस्तान्तरण हुनेछ ।

आज्ञाले,

इन्द्र प्रसाद उपाध्याय

नेपाल सरकारको सचिव



५६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।